दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**चाडपर्वप्रति सम्मान गरौं ।**

-चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं ।
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
-चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं ।
-धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं ।
-असल आचारण र सामाजिक सद्भाव प्रबर्द्धन गरौं ।
-एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
-अरुलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं ।
-धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३७ | अंक ८० | बुटवल | २०८१ चैत ०४, गते सोमबार | नेपाल संवत ११४५ | Monday Mar. 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## स्थगित अभियान सुरु गर्नेबारे माओवादी अलमलमा

काठमाडौँ । प्रमुख प्रतिपक्ष दल नेकपा(माओवादी केन्द्र) स्थगित पूर्व-पश्चिम हुलाकी तराई मधेस जागरण अभियान पुनः सुरु गर्ने विषयमा अलमल देखिएको छ । फागुन १२ गतेदेखि झापाबाट सुरु भएको अभियान फागुन २४ गते स्थगित भएको थियो ।

सोही दिन रौतहटमा बसेको उच्च तहको अनौपचारिक बैठकले देशी विदेशी प्रतिक्रियावादी शक्तिको उक्साहटमा राजावादी प्रतिगामी शक्ति सक्रिय हुन थालेको निष्कर्ष निकालेको थियो । शीर्ष नेताहरू अभियानमा केन्द्रित हुँदा व्यवस्थामाथि नै चुनौती बढेको भन्दै माओवादीले संसद् र सडक मोर्चालाई प्रभावकारी बनाउने निर्णय गरेको थियो ।

अध्यक्ष प्रचण्डले अभियानको नयाँ कार्यतालिका, पार्टीको भावी रणनीति तय गर्न फागुन २६ गते पदाधिकारी बैठक बोलाएका थिए । विदेशी शक्तिको आड-भरोसा, भारतीय कट्टर हिन्दुवादी शक्तिको उक्साहटमा राजावादी र विभिन्न प्रतिगामी शक्ति सलबलाएकाले देशको परिस्थिति गम्भीर रहेको प्रचण्डले विश्लेषण गरेका थिए ।

अभियानको परिमार्जित कार्यतालिका र संघर्षको कार्यक्रम तय गर्न फागुन २७ गते बोलाइएको बैठक अन्तिम समयमा आएर स्थगित गरेका थिए ।

त्यसबिचमा मगर राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलन, फागु पूर्णिमा पर्व परेकाले चैत १ गते अर्को बैठकका लागि प्रचण्डले सूचना पठाउने बताएका थिए । तर अहिलेसम्म बैठक बस्ने सम्बन्धमा सूचना नआएको नेताहरूले बताएका छन् । अध्यक्ष प्रचण्ड समाजवादी मोर्चा र विभिन्न काममा व्यस्त भएकाले बैठक बस्न नसकिएको सचिव दीनानाथ शर्माले जानकारी दिए ।

'अहिलेसम्म बैठक बस्ने सम्बन्धमा सचिवालयबाट कुनै सूचना आएको छैन । उहाँ समाजवादी मोर्चाको बैठक, बौद्धिक वर्गसँग छलफल तथा चैत १५ गते राजधानीमा हुने विरोधसभाको तयारीमा व्यस्त हुनुभएकाले बैठक बस्न सकिएको छैन । सायद भोलिसम्म खबर आउला ।'-शर्माले भने ।

दोस्रोपटक संशोधित कार्यातालिका अनुसार रौतहटमा फागुन २३, बारामा २४, पर्सामा २५, चितवनमा २६ गते अभियान राखिएको थियो । यस्तै नवलपुरमा २७ गते, नवलपरासी पश्चिममा २८ गते, रुपन्देहीमा चैत २, कपिलवस्तुमा ३, दाङमा ४, बाँकेमा ५, बर्दियामा ६, कैलालीमा ७ र कञ्चनपुरमा ८ गते अभियान सञ्चालन हुने गरी समय हेरफेर भएको थियो ।

माओवादीको अभियान मधेस प्रदेशको रौतहटमा आएर स्थगित भएको छ । बाँकी रहेको दुई जिल्ला बारा र पर्सामा तत्काल अभियान सकेर बाँकी प्रदेशका जिल्लामा बिचबिचमा स्थगित गर्दै अभियान जारी राख्ने निर्णय गरेको थियो । तर पार्टीको सम्पूर्ण ध्यान चैत १५ गते हुने विरोधसभामा रहेकाले पार्टीको पदाधिकारी बैठक बस्नेबारे कुनै जानकारी नभएको केन्द्रीय कार्यालयका मुख्य सचिव गणेशमान पुनले बताए ।

'चैत १५ गते काठमाडौंमा हुने प्रतिगमनविरुद्धको आन्दोलन सक्रिय हुनुपर्ने छ । विरोधसभाको तयारीमा पार्टीको सम्पूर्ण शक्ति जुटेको छ । यी सबै गतिविधिलाई मध्यनजर गरी पदाधिकारी बैठक बस्ला । तर अहिलेसम्म बैठक बस्नेबारे कुनै सूचना आएको छैन ।'-पुनले भने ।

माओवादीका अर्का सचिव तथा लुम्बिनी प्रदेशका इञ्चार्ज चक्रपाणि खनालले तत्काल पार्टी बैठक बस्नेमा अनभिज्ञता व्यक्त गरे । सबै परिस्थितिको मूल्याङ्कन गरी केही दिनमा बैठक बस्न सक्ने उनले बताए ।

तर राजावादी शक्तिहरूलाई नै बल पुग्ने गरी अभियान स्थगित गर्नु उचित नभएको प्रतिक्रिया आइराखेको छ ।

# नीतिमै सीमित भयो तानसेनमा ढाका पोसाकको प्रवर्द्धन




**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा ढाका कपडाको राजधानी हो । संघीय सरकारले पाल्पालाई ढाका कपडाको राजधानी घोषणा गरी मान्यता दिएको छ । पाल्पामा वि.स. २०१५ सालदेखि ढाका कपडाको उत्पादन हुँदै आएको छ । पाल्पाको पहिचान नै ढाका र करुवा हो ।

तानसेन नगरपालिकाको १५औं नगरसभामा नगर प्रमुख सन्तोषलाल श्रेष्ठले प्रस्तुत गरेको २०८१ /८२ को निति तथा कार्यक्रममा पाल्पाली ढाका कपडाको विकास, विस्तार प्रचार प्रसार गर्ने उल्लेख गरेपछि निकै स्यावासी पाए । उद्योगी व्यवसायीहरुले नगरप्रमुख श्रेष्ठलाई धन्यवाद दिए । मिडियामा प्रमुख समाचार बने । पाल्पाली ढाकाको सम्वर्द्धन, प्रवर्द्धन हुने आशामा उद्योगीहरु नगरपालिकाको नीति तथा कार्यक्रमप्रति निकै खुसी देखिए । नगर प्रमुख श्रेष्ठलाई फोनमा र भेटेर उद्योगीहरुले राम्रो नीति ल्याएको भनेर खुसी व्यक्त गरे ।

तर नगरप्रमुखले पाएको धन्यवाद, धन्यवादमै सीमित राखे । नगरप्रमुख श्रेष्ठले प्रस्तुत गरेको नीति तथा कार्यक्रम ९ महिनाको अवधीमा आइपुग्दा हराउने स्थितिमा पुगेको छ । ९ महिनाअघि खुसी बनेका पाल्पाली ढाका कपडा उद्योगीहरु अहिले खुसी छैनन् । सरकारको नीति उद्योगमैत्री छैनन्, कहि कतैबाट सहयोग नपाएका पाल्पाली ढाका उद्योगीहरु उद्योग बन्द गर्ने कि चलाउने अवस्थामा पुगेका छन् । यो अवस्थाबाट गुज्रिएका उद्योगीहरु नगरपालिकाले पारित गरेको नीति पनि कार्यान्वयन नहुँदा निराश देखिएका हुन् । १५औं नगरसभाबाट पारित भएको नीति तथा कार्यक्रम अहिलेसम्म कार्यान्वयन भएको छैन । चालु आर्थिक वर्ष अब सकिन ३ महिना मात्र बाँकी छ, तर कार्यान्वयनमा नगरपालिकाले चासो र तत्परता देखाएको छैन ।

तानसेन नगरपालिकाले चालु आर्थिक वर्षको लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमको बुँदा नं. ६४ मा यस्तो भनिएको छ -'पाल्पाली ढाकाको विकास, विस्तार र प्रचार प्रसार गर्न तानसेन नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत जनप्रतिनिधि, कर्मचारीहरुका लागि प्रत्येक शुक्रबारका दिन पाल्पाली ढाकाबाट निर्मित पोशाक र ढाकाटोपी लगाउने नीति लिइएको छ । नगरपालिका र मातहतका कार्यालयमा प्रयोग गरिने रुमाल, पर्दाहरु ढाकाको राख्न अनिवार्य गरी स्थानीय ढाका प्रवर्द्धनको व्यवस्था मिलाइने र विदेशमा निर्यात गर्नको लागि समेत प्रोत्साहन गरिने छ ।'

यो नीतिअनुसार तानसेन नगरपालिका पालिका केन्द्र, सबै विषयगत शाखा, १४ वटै वडा कार्यालयहरुमा मातहत रहेका सबै वडा कार्यालयहरुमा ढाका कपडाको पर्दा र रुमालको अनिवार्य प्रयोग गर्नु पर्दछ, किनकी यो कार्यलाई नीति तथा कार्यक्रममा अनिवार्य भनिएको छ, तर यो नीतिमा मात्र अनिवार्य प्रयोग भएको छ, व्यवहारमा कार्यान्वयन भएको देखिँदैन ।

२०८१ चैत्र १ गते शुक्रबार तानसेन नगरपालिकामा कसैले पनि ढाकाको पोशाक लगाएका थिएनन् र ५ जना व्यक्तिले मात्र टोपी लगाएको देखियो । तर यी पाँचै जना नियमित टोपी लगाउने व्यक्तिहरु हुन् । उनीहरुले नगरपालिकाले यो नीति पास नगरेको अवस्थामा पनि नियमित टोपी लगाउने नागरिको रुपमा परिचित छन् ।

तानसेन नगरपालिकामा प्रमुख उप-प्रमुखसहित ७३ जना जनप्रतिनिधि रहेका छन् भने संघीय, स्थानीय तह, करार, ज्यालादारी, स्थायी, अस्थायी गरी २ सय कर्मचारीहरु कार्यरत रहेका छन् । सबै जनप्रतिनिधि र कर्मचारी पाल्पाली ढाकाको पोशाक र टोपी प्रयोग गर्दा ढाका उद्योगीहरुलाई ठूलो राहत मिल्नेछ । यो अभियानबाट पाल्पाली ढाका उद्योगहीहरु धरासायी हुनबाट बच्ने छन्, उत्पादन र रोजगारीमा वृद्धि हुनेछ । स्वदेशी उत्पादनको प्रयोगमा प्रोत्साहन बढ्ने छ ।

१५औं नगरसभाबाट पारित नीति तथा कार्याक्रमअन्तरगत पाल्पाली ढाकाको पोशाक र कार्यालयहरुमा ढाकाको पर्दा र रुमाल प्रयोग गर्न जनप्रतिनिधिदेखि कर्मचारीहरुमा सर्कुल भएको हो, तर फलोअप नहुँदा कार्यान्वयन हुन नसकेको नगरपालिकाका सूचना अधिकारी भरतप्रसाद आचार्यले जानकारी दिए ।

'तपाईंले हामीलाई पुनः खबरदारी गर्नुभयो, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी कार्यान्वयनको लागि पहल गर्ने छौं ।'-तानसेन नगरपालिकाका सूचना अधिकारी आचार्यले भने ।

तानसेन नगरपालिकाभित्र ठूला ९ वटा अन्य स-साना गरी करीब १५ वटा ढाका कपडाहरु उद्योग सञ्चालनमा रहेका छन् । ती उद्योगहरुका ढाका कपडा बुन्ने मात्र करीब २ सय जना, सिलाइ कटाइमा ५० जना गरी २ सय ५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । नगरभित्र रहेका यस्ता उद्योगहरुलाई संरक्षण, प्रवर्द्धन, प्रोत्साहन, निरन्तरता दिनु तानसेन नगरपालिकाको काम, कर्तव्य र जिम्मेवारी भित्र पर्दछ । स्थानीय सरकारले आफ्नो पालिकाभित्र सञ्चालन भएका उद्योगधन्दा कलकारखानालाई आवश्यक सहयोग र संरक्षण नगरे कसले गर्ने ?

# पहिलोपटक उपभोक्ता अदालत कार्यान्वयनमा



बुटवल । नेपालमा पहिलोपटक उपभोक्ता अदालत कार्यान्वयनमा आएको छ ।

लामो समयदेखि बहसमा मात्र सीमित उपभोक्ता अदालत गठन गर्ने प्रक्रियाले यसै वर्ष मूर्तरूप पाएको हो ।

बजारमा किनमेल गर्दा ठगिए उपभोक्ताले क्षतिपूर्ति माग्न पाउने अधिकार यो अदालतले सुनिश्चित गरेको छ । विश्व उपभोक्ता दिवस अवसर पारेर काठमाडौंमा उपभोक्ता अदालत उद्घाटन भएको छ । अदालत गठनले अब सेवाको गुणस्तरमा समेत नयाँ मानक स्थापित हुने छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले यो अदालत उपभोक्ता हक अधिकार संरक्षणमा कोशेढुंगा सावित हुने बताएका छन् । गत माघमा बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाभित्रका जिल्लाका मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो । यसले संविधानको धारा ४४ अन्तर्गत उपभोक्ताको हक सुरक्षित गरेको छ । बजारमा मालवस्तु तथा सेवा खरिद गर्दा उपभोक्ताले आफूलाई हानि नोक्सानी महसुस गरे उपभोक्ता अदालतमा बिलबिजकसहित अब सिधैँ उजुरी गर्न सक्छन् । त्यसमा उपभोक्ता अदालतले क्षतिपूर्ति भराउन सक्छ ।

दोस्रो, सरकारका विभिन्न अंगका प्रमुखहरूले उपभोक्ता हित विपरीत काम भएको ठाने प्रहरीको जस्तै अधिकार लिएर मुद्दा चलाउन सक्छन् । तोकिएका जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, वाणिज्य विभागका उच्च तहका अधिकारी सहितले यस्तो अधिकार पाउँछन् ।

उपभोक्ता संरक्षण ऐन बमोजिमका कसुरका मुद्दा र सरकारले तोकेका उपभोक्ता हित सरोकारका अरू मुद्दा यस्तो अदालतले हेर्ने छ ।

यससँगै प्रतिष्ठानहरू दर्ता भए-नभएको, कर छली भए-नभएको विषय समेत हेर्ने हुँदा त्यसले बजारमा भइरहेको कर छली वा कालोबजारी पर्दाफास गर्न ठूलो भूमिका खेल्ने सरोकारवालाले बताएका छन् । उपभोक्ता अदालत गठन नहुँदा अहिले जिल्ला अदालतमा जानुपर्ने झन्झटिलो प्रक्रिया समेत हट्ने छ ।

यस पटक सरकारले उक्त प्रयोजनका लागि १ करोड रुपैयाँ हाराहारी मात्र बजेट विनियोजन गरेको थियो । सोहीकारण पहिलो चरणमा उपभोक्ता अदालत गठन गरी काठमाडौं उपत्यका भित्रबाट कारबाही थाल्ने निर्णय गरिएको हो । अहिले उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका कसुरसँग सम्बन्धित कारबाही र किनारा गर्ने क्षेत्राधिकार उपभोक्ता अदालतले पाएको छ ।

उपभोक्ता संरक्षण ऐन २०७५ ले हरेक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । ऐन अनुसार उत्पादक आफूले उत्पादन गरेको वस्तुमा अनिवार्य लेबल लगाउनु पर्छ । त्यसमा तोकिए अनुसारका विवरण उल्लेख गर्नुपर्छ ।

यस ऐन अनुसार वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट लुकाइ, ढाँटी वा झुक्याइ त्यस्तो वस्तु वा सेवा बिक्री गर्न पाइँदैन । भ्रमपूर्ण विज्ञापन गर्न पाइँदैन ।


» बाँकी ३ पेजमा





सम्पादकीय

# प्रचण्डको गैर जिम्मेवार अभिव्यक्ति

प्रमुख विपक्षी दलका नेता एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही दिनअघि पार्टीको सार्वजनिक कार्यक्रममा पूर्व राजा ज्ञानेन्द्र शाहलाई लक्षित गरी गम्भीर आरोप लगाउँदै अराजनीतिक र गैरजिम्मेवार अभिव्यक्ति दिए । प्रचण्डले शाहलाई लक्षित गरी मूर्ति चोर र भाइमाराको संगीन आरोप लगाए । पटक-पटक सरकारको नेतृत्व गरेका प्रचण्डले पूर्व राजा शाह पोखराबाट काठमाडौं फर्किंदा राजसंस्था पक्षधरले फागुन २५ गते काठमाडौंमा गरेको विशाल शक्ति प्रदर्शनपछि यस्तो आरोप लगाएका हुन् । माओवादी केन्द्र शान्ति प्रकृयामा आएपछि प्रचण्ड स्वर्य पटक-पटक प्रधानमन्त्री भएका छन् । यदि पूर्व राजा शाह हत्यारा हुन् र मूर्ति चोर हुन् भने उनीमाथि यतिका वर्षसम्म किन छानबीन नगरेको त ? छानबीन भएर दोषी प्रमाणित नभई कसैमाथि यस्ता संगीन आरोप लगाउनु गैर जिम्मेवार र अराजनीतिक विषय हो ।

प्रचण्डले नेतृत्व गरेको माओवादी पार्टी स्वयंले गरेको सशस्त्र युद्धका क्रममा १७ हजार बढीले ज्यान गुमाएका थिए । उक्त युद्धबारे प्रचण्डले ५ हजार जनाको मृत्युको जिम्मेवारी आफूले लिने सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । त्यति मात्र होइन पार्टीसँग ७-८ हजार मात्र लडाकू भए पनि शान्ति प्रकृयामा आइसकेपछि क्यान्टोन्मेन्टमा नक्कली लडाकू भर्ती गरेर ३५ हजार लडाकू देखाएर राज्यलाई झुक्याउन सफल भई उनीहरुको तलब वापत राज्यबाट अर्बौं रुपैयाँ अपचलन गर्न सफल भएको प्रचण्डले चितवनको शक्तिखोर शिविरमा खुलेयाम भाषण गरेका थिए । प्रचण्डसहित कांग्रेस र एमालेका शीर्ष नेताहरुमाथि एनसेलको अर्बौं कर छलीमा मिलेमतो गरेर तीनवटै पार्टीले अर्बौं रकम लिएको, बुढीगण्डकी जलविद्युत् आयोजना, मेलम्ची खानेपानी आयोजनालगायत विभिन्न प्रकरणमा प्रचण्डको नाम मुछिने गरेको छ ।

त्यसैले शिशाको घरमा बसेर अरुको घरमा ढुंगा हान्ने काम प्रचण्डले गरेका छन् । यसले यसै पनि दलहरुप्रति नागरिकको वितृष्णा र निराशा बढिरहेको बेला देशमा थप अराजकता र द्वन्द्व निम्त्याउने खतरा हुन्छ । कुनै काण्डमा नमुछिएको स्वच्छ छविको नेताले अरुलाई दोषारोपण र आरोप लगाउन सक्छन्, त्यो स्वभाविक मान्न सकिएला, तर प्रचण्डको छवि निश्कलंक र स्वच्छ छैन भन्ने कुरा घाम जत्तिकै छर्लङ्ग छ । २०६४ मा करिब बहुमत पाएको माओवादी केन्द्र त्यस यता निरन्तर जनमत घट्दै अलोकप्रिय बन्दै जानुले पनि त्यो पुष्टी गर्छ । यद्यपि कांग्रेस र एमालेका शीर्ष नेताहरु पूरै स्वच्छ छविका र निश्कलंकित छन्, प्रचण्ड मात्रै खराब भन्न खोजिएको हैन ।

प्रचण्ड र अन्य दलका शीर्ष नेताहरु जनभावनाअनुसार चल्न नसक्दा नै फागुन २५ मा दलहरुले नसोचेको जनसहभागिता राजसंस्थाको पक्षमा देखियो । यसलाई वस्तुपरक ढंगले समीक्षा गरी आफूहरुबाट भएका शासकीय कमजोरी सुधार गर्न, समीक्षा गर्न तयार हुनुको साटो पूर्व राजालाई बेमौसमको आरोप लगाउनुलाई आम नागरिकले किमार्थ राम्रो मानेका छैनन् । प्रचण्ड र अरु दलका नेताले पनि पूर्व राजालाई अहिले आएर तथानाम आरोप लगाउनुको साटो अहिलेसम्म उनीमाथि लगाइने आरोपमा किटानी जाहेरी गरेर किन मुद्दा नचलाएको ? किन कारबाही नगरेको भन्ने जवाफ आम जनतालाई दिनुपर्छ । आफैँले उठाएका प्रश्नको जवाफ मात्र हैन, अब त्यस बाहिरका विविध विषयहरूबारे पनि उनले जवाफ दिनु पर्नेछ ।

राजनीति र शासनलाई जवाफदेहीविहीन र मनलाग्दी बनाउन पाइँदैन । यस्तो संस्कारले समाजमा अराजकता सिर्जना गर्छ । त्यसैले लोकतान्त्रिक गणतन्त्रका हिमायती भन्नेहरु आफू लोकतान्त्रिक, जिम्मेवार, जवाफदेही र संयमित बन्न अपिरहार्य छ । अरुलाई आरोप लगाएर आफू पानीमाथिको ओभानो बन्ने छुट कसैलाई छैन ।

# विकल्प जनगणतन्त्रको



विन बहादुर कुँवर

गत फागुन ७ को अवसरमा पूर्व राजा ज्ञानेन्द्र शाहको वक्तव्यले पुराना पञ्चे-मण्डले र दरबारियाहरु एकएक हौसिएका छन् । आफ्नो पुरानो सत्ता अर्थात् निरंकुश शाही सत्ताअन्तर्गत हिन्दूराष्ट्र नेपाल पुनर्स्थापना हुने भनिरहेका छन् । यता गणतन्त्र, संघीयता र समानुपातिकको नाममा त्यही पुरानो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्तामा रजाई गर्दै आएकाहरुमा भने बेचैन र छटपटी देखिन थालेको छ । यतिसम्मकी पूर्व निर्धारित र सञ्चालित कार्यक्रमहरुलाई नै स्थगित गरी यसैको लागि अर्थात् पूर्व राजा ज्ञानेन्द्र, पुराना पञ्चे, मण्डले र दरबारियाहरुको यो चुरीफुरीकाविरुद्ध के गर्न सकिन्छ ? राय सल्लाहमा केन्द्रित हुन थालेका छन् ।

यसमा खास गरी नेकपा (माओवादी केन्द्र), एस समाजवादी अनि विप्लव नेतृत्वको नेकपा अर्थात् समाजवादी मोर्चा घटक दलहरुले आगामी चैत १५ मा राजधानी केन्द्रित विरोध प्रदर्शन हुने भनेका छन् ।

जब पऱ्यो राति तब बुढी ताती भने जस्तै बल्ल देशका केही संसदवादी दल त्यसमा पनि वाम भनिने केही दलहरु चिन्तित बन्न थालेका छन् । नत्र भने विगत वर्षदेखि नै ज्ञानेन्द्र शाहको चलखेल यहाँ मात्रै होइन भारत-भुटानमा समेत हुन थालेको थियो । यतिसम्मकी भुटानका राजाले ज्ञानेन्द्रलाई आफ्नै हैसियत बमोजिम पुराना नेपाली राजाहरुकै दाँजोमा श्री ५ कै सम्मान सत्कार गर्दा पनि नेपाल सरकार अनि यहाँका नेता सबै चुप लागि त्यसको कुनै विरोध नगरी त्यसैलाई समर्थन नै गरी बसे । त्यस्तै सम्मान भारत उत्तर प्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथबाट पनि हुँदा त्यसको पनि विरोध नगरी चुप लागि नै बसे । अब यसरी बल्ल आएर पूर्व राजा ज्ञानेन्द्र अनि पुराना पञ्चे मण्डले र राजावादीहरुको विरुद्ध यो दल नेताहरुको रुवाबासी, आखिर किन रुन्छस मंगले आफ्नै ढंगले भने जस्तै हुन गएको छ ।

यो विषय अर्थात् यो ज्ञानेन्द्र शाहको बढ्दो चलखेलप्रति नेपालका केही संसदीय सभासदहरुले नेपालमा राजा र राजतन्त्रको इतिहास अर्थात् अस्तित्व नै खतम भई चिहानमा गाडिसकिएको, तर अहिले फेरि त्यही राजा र राजतन्त्रको पुनर्स्थापनाको कुरा गर्नु पूर्व राजाको भूत-प्रेत जगाउन खोज्नु मात्र हो भन्ने गरेका छन् । तर इतिहास त्यस्तो छैन । १० वर्षे माओवादी जनयुद्ध र त्यसको बलमा भएको २०६२/०६३ सालको संयुक्त आन्दोलनमा जनताको मूल माग त्यो कथित संवैधानिक राजतन्त्र र संसदीय राज्य व्यवस्थाको पूर्ण अन्त्य र त्यसको विकल्पमा जनगणतन्त्रको थियो । तर तत्कालीन माओवादी पार्टीलगायत देशका अन्य तत्कालीन ७ संसदीय दलहरुले दिल्लीमा बसी १२ बुँदे दिल्ली समझदारी पत्र जारी गरे । त्यसमा त्यतिबेला भनिएको थियो- निरंकुश राजतन्त्रको अन्त्य र संसदीय राज्य व्यवस्थाको पुनर्स्थापना मात्र ।

त्यसले न त निरंकुश राजतन्त्रको पूर्णरुपले अन्त्यका कुरा नै गरेको थियो ।

न त तत्कालीन संसदीय राज्य व्यवस्थाको अन्त्य र जनगणतन्त्र थालनीको । अन्ततः राजाकै हुकुम आदेशमा त्यतिबेला संसदको पुनर्स्थापना भयो । त्यही पुनर्स्थापित संसदले माओवादीसहितको अन्तरिम सरकार बनायो । तर त्यसले राजाबारे केही पनि बोलेन । पछि संविधानसभाको पहिलो बैठकले राजालाई हटाउने निर्णय गऱ्यो । तर राजालाई कारबाही गर्ने कुरा केही गरेन । राजा र दलहरुबिच नयाँ समझदारी बन्यो । राजा नारायणहिटी दरबार छोडी राजकीय सम्मानकासाथ नार्गाजुन दरबार जाने, रासन पानी, भत्ता, सुरक्षा सबैको जिम्मेवारी सरकारले लिने आदि भयो । तब मात्रै ज्ञानेन्द्रले आफ्नो श्रीपेच त्यो पनि आफ्नै 'नासो' को रुपमा तत्कालीन सरकारलाई सुम्पेका थिए । त्यही कुरा अहिले पूर्व राजा ज्ञानेन्द्र, पूर्व पञ्चे, मण्डले र दरबारियाहरुले उठाउँदै आएका छन् ।

त्यतिबेलै हामीले भनेका थियौं- हिजोसम्म नेपालको नोकरशाही पुँजीवादी सत्ताले राजाको हुकुमबाट संविधान जारी गर्ने गर्दथ्यो । आज आठ दलीय पार्टीबाट अन्तरिम संविधान २०६३ जारी गरिएको छ । अब देशको सामन्ती र दलाल बुर्जुवा वर्गले तथा यसको राज्यले संविधानसभाको आयोजना गर्नेछ । राजतन्त्रको अन्त्य हुने वा नहुने कुरै निश्चित छैन । आजको संसारमा या त बुर्जुवा संविधान हुन्छ वा सर्वहारा संविधान । सर्वहारा संविधान यो बुर्जुवा राज्य सत्ता नष्ट गरेर नयाँ जनवादी सरकारको आयोजनामा हुने संविधानसभाले मात्र दिन सक्छ । नभन्दै अब पनि स्थिति त्यही दोहोरिँदैछ । त्यतिबेलै हामी सबैले आठ दलीय १२ बुँदे दिल्ली समझदारी सम्झौता अनि विस्तृत शान्ति सम्झौता साथै संविधानसभा सबै क्रान्तिकारी देशभक्त तथा जनतान्त्रिक जनसमुदायमाथिको ठूलो धोका थियो । यदि अब पनि साँच्चै नै राजतन्त्रको पुनर्स्थापना पुराना पञ्चे-मण्डले र राजावादीहरुको त्यस्तै शासन सत्ता आउने हो भने यसका मुख्य दोषी तिनै पुराना कांग्रेस-एमाले र माओवादीसहितका आठ दल र त्यसका प्रमुख नेताहरु नै छन् ।

नेपालको पुरानो इतिहास सबै यस्तै छ । देशमै बसी निरंकुश राणा शासनको विरोध गर्न नसकी भारतकै इशारा र डिजाइनमा नेपाल छोडी भागी जाने पूर्व राजा त्रिभुवनलाई कांग्रेसले काँध थापी नेपाल ल्याइ २००७ साल फागुन ७ गते पुनः राजा बने । पछि तिनै राजा अर्थात् उनका छोरा महेन्द्रले उल्टै कांग्रेस-कम्युनिष्ट सबैमाथि प्रतिबन्धित लगाई आफ्नो नेतृत्वमा निरंकुश निर्दलीय पञ्चायती व्यवस्था नेपालमा वर्षौं लादियो । पछि त्यसका विरुद्ध २०४५/०४६ सालमा सम्पन्न जन संघर्षले दलमाथिको प्रतिबन्ध हटाए पनि राजालाई स्थापित नै गरियो । त्यसलाई पनि हामीहरुले धोका नै भनेका थियौं । पूर्व राजा वीरेन्द्रको वंशनास पछि फेरि तिनै राजाका वंश भाइ ज्ञानेन्द्रलाई यिनै संसदीय दलहरुले नै बिन्ती भाउँ गरी दाम चढाएर पुनः राजा बनाए । त्यतिबेलै माओवादी पार्टीले नेपालमा शाह वंशीय पुरानो राज सत्ताको अन्त्य भई गणतन्त्र थालनी भइसक्यो भनेको थियो । तर पछि त्यही पार्टीले पटक-पटक ज्ञानेन्द्र शाहसँग वार्ता गरी राजा ज्ञानेन्द्रलाई झन बलियो बनाउने काम गऱ्यो । बल्ल पछि सात दलसँग सहमति गरी राजतन्त्रको निरंकुशताको मात्रै अन्त्य गर्ने १२ बुँदे दिल्ली समझदारीमा आयो ।

२०६२/०६३ सालको आन्दोलनपछि पनि कसैले बेबी किंगका कुरा गरे भने कसैले सांस्कृतिक राजा राख्ने भने, तत्काल राजाप्रतिको मोह यी कसैबाट पनि हटेन । तर पछि एकाएक भारतकै पहल कदमीमा राजकीय सम्मानका साथ राज्यकै भरणपोषण-सुरक्षाकै साथमा नारायणहिटी दरबारबाट निकाली नार्गाजुन दरबारमा सारियो मात्र । चलखेल जे गर्न पनि छुट । देश-विदेश दौडाहा सबैमा नजर अन्दाज । आखिर औलो दिँदा डुडुल्लो नै निल्ने काम अब ज्ञानेन्द्रबाट भइसकेको छ ।

अहिले अब प्रचण्ड-ओली यसको विरोधमा जति चिच्याउँदै हिडे पनि ने.का. त्यति चिन्तित छैन । देउवाले सामान्य विरोध गरे जस्तो गरे पनि कांग्रेसको ठूलो सिंगो पंक्ति नेपालमा हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रकै पक्षमा छ । शेखर कोइरालाले त खुलेरै भने ज्ञानेन्द्र के को पूर्व राजा । राजा नै हुन भनिसके । हुनतः यसभन्दा पहिले भनिएको छ कि १० वर्षे जनयुद्धकै अन्तिम कालमा प्रचण्ड-ज्ञानेन्द्रबिच भएको वार्ता अनि राजतन्त्र अन्त्यको विषयमा ओलीको ढेला गाँडाको प्रसंग त्यस्तै दाम चढाएर राजा बनाएका माधव नेपाल र ज्ञानेन्द्रले जारी गरेको प्रधानमन्त्री पदका लागि कांग्रेस, एमालेहरुबाट परेको आवेदन पत्रको साथै के विश्वास कुनै बेलाका कट्टर राजा विरोधीहरु पनि एकएक राजावादी बनेका थुप्रै पुराना इतिहासहरु छन् ।

कमलराज रेग्मी, डा. तुल्सी गिरी, शैलेन्द्र उपाध्याय, डी.पी. अधिकारी, डा. केशरजंग रायमाझी आदि । पछि ज्ञानेन्द्र कालमा झापा विद्रोहका प्रमुख नेता राधाकृष्ण मैनाली, नेकपा चौ.म.का. कमल चौलागाई, कट्टर राजविरोधी संघीयता र जातीय राज्यका पक्षपाती गोरेबहादुर खपाङ्गी आदि रातारात एकाएक ज्ञानेन्द्रका मन्त्री नै बनेका थुप्रै उदाहरणहरु छन् । अब पनि यस्ता अवसरवादी नेताहरुको कमी यहाँ छैन ।

ज्ञानेन्द्रबाट केही झर्लो र खाउँला भनी बस्नेहरुको ठूलो पंक्ति नै छ अहिले पनि यहाँ । त्यस्तो पंक्ति कांग्रेस, एमाले, माओवादी र मधेशवादी दलहरुमा थुप्रै नै हुन सक्छन् । रवि लामिछानेको रास्वपा अहिले नै घोषित रुपमा दरबार पक्षीय दल भइसकेको छ । ज्ञानेन्द्र र पुराना पञ्चे मण्डले र दरबारियाहरुले अभियानलाई यसले मौन समर्थन गरिसकेको छ ।

अहिले केही दल नेताहरुले राजालाई चिहानमा गाडी सिध्याई सकिएकोले अब राजा होइन राजाको भूतप्रेतले तर्साउन खोजेको भन्ने गरेका छन् । तर पूर्व राजा अहिले जीवित छन्, खाली बसाईसराइ गरेको मात्र अर्थात् नारायणहिटीबाट नार्गाजुन सारेको मात्र । साँच्चै नै त्यतिबेला अर्थात् २०६२/०६३ सालपछि राजाको चिहान खनी पुरेको भए यो टंटा नै हराउँथ्यो । न भूत बन्ने टंटा न प्रेत बन्ने । त्यसैले फेरि २० वर्षपछि तिनै राजाले भने अब मलाई साथ देऊ । जनताले साथ दिने नदिने कुरा अर्कै हो । राजालाई यो बोल्ने र भन्ने ठाउँ यिनै दल नेताहरुले नै दिएका हुन् । अब पनि यी दल नेताहरुले यो नबुझी देश र जनता विरोधी यस्तै हर्कत राष्ट्रघात-जनघात खाली मै खाउँ मै लाऊ मात्रै गरी अघि बढ्ने हो भने पुनः देशमा प्रतिगमन नआउला भन्न सकिन्न । त्यसैले अब तत्काल १२ बुँदे दिल्ली समझदारीलगायत राजा र राजतन्त्र अनि पुराना पञ्चे-मण्डले र दरबारियाप्रतिको नम्रतालाई त्यागी राजतन्त्रका विरुद्ध अन्तिम लडाइँका लागि जनतासँग माफी माग्दै अघि बढ्नुको अर्को विकल्प छैन । यसै क्रममा माओवादी अध्यक्ष प्रचण्डले गएको शुक्रबार एक कार्यक्रममा खुल्मखुल्ला ज्ञानेन्द्रलाई मूर्ति चोर, भाइमारा, तस्कर आदि निन्दा र घृणा गरे । यसरी ज्ञानेन्द्रप्रति त्यस्तो भनिरहँदा स्वयं प्रचण्ड पटक-पटक यो देशको प्रधानमन्त्री बने । तर त्यतिबेला त्यो केही नगरी किन चुप लागी बसेको प्रश्न उनीमाथि पनि तेर्साएको छ ।

पूर्व राजा, पूर्व पञ्चे मण्डले र दरबारियाहरुले यो खास चहलपहल र सक्रियताका पछाडि बाह्य कारण पनि छ ।

गत फागुन २५ गतेको राजावादीको जुलुसमा देखाइएको भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटो प्रदर्शन यसको एउटा ज्वलन्त उदाहरण हो ।

उनी र अहिलेका भारतीय प्रम मोदीको मूल पहिलो चाहना नेपाललाई हिन्दू राज्य घोषित गर्ने अनि त्यसको राजा ज्ञानेन्द्र र नाम मात्रको शासक भारतीय कुनै दलाल बनाउने हो । हिजो भारतको यो चाहना नमान्दा पूर्व राजा वीरेन्द्रको वंश नाश नै भयो । पछि यस्तै भारतीय चाहनालाई पूरा गराउन नसक्दा ज्ञानेन्द्र पनि अदपस्त हुनु पऱ्यो । तर अब स्थिति बदलिएको छ ।

योगी आदित्यनाथको हिन्दूत्वले भारतमा जरा गाडिसकेको छ । एक प्रकारले आदित्यनाथले ज्ञानेन्द्रलाई राजा स्वीकार गरिसकेका छन् । त्यसैले अब पनि नेपालका दल नेताहरुले यसप्रति ध्यान नदिने हो भने र सदा राष्ट्रघाती र विस्तारवादी लम्पसारवादी भइरहने हो भने ढिलो चाडो यी नेताहरुकै कारण देशमा राजा फर्कने र देशको अस्तित्व नै लोप हुने अर्थात् नेपाल फिजिकरण हुँदै सिकिमीकरणको खतरा बढेर गएको छ ।

तै पनि यी दलीय नेताहरु बाहेक थुप्रै केही क्रान्तिकारी दल र दल नेताहरु राजतन्त्रको मात्रै होइन यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा गणतन्त्रको विकल्पमा जनगणतन्त्रको पक्षमा वर्षौंदेखि लड्दै र भिड्दै आइरहेका छन् । १० वर्षे जनयुद्धको राप-ताप अहिले पनि सेलाएको छैन । यो ज्ञानेन्द्र र राजावादी साथै वैदेशिक नेपाल विरोधी तत्वहरुले साँठगाँठले १० वर्षे माओवादी जनयुद्ध पुनर्गठनको रास्तालाई फराकिलो पारेको छ ।

यो दलाल गणतन्त्रको विकल्प सामन्ती र दलाल राजतन्त्र होइन जनगणतन्त्र नै हो । यसका लागि सम्पूर्ण देशका वामपन्थी, देशभक्त र जनतान्त्रिक दल, शक्ति र जनसमुदाय सबै एक जुट हुन पर्ने भएको छ ।

# नेप्से परिसूचकमा २१ अङ्कको गिरावट



काठमाडौँ । साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक २१ दशमलव ६३ अङ्कले घटेर दुई हजार ७१४ दशमलव ८५ को विन्दुमा झरेको छ ।

३१६ कम्पनीका एक करोड ३९ लाख ७४ हजार ४५२ कित्ता शेयर ७९ हजार ३१ पटक खरिद बिक्री हुँदा रु छ अर्ब ८३ करोड ६६ लाख ४० हजार ४०७ बराबरको कारोबार भएको छ ।

व्यापार समूह चार दशमलव ९२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक समूहको उपसूचक सबैभन्दा धेरै दुई दशमलव २५ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८०, वित्त एक दशमलव ३९, होटल तथा पर्यटन शून्य दशमलव ५३, जलविद्युत् एक दशमलव २९, लगानी एक दशमलव ७२, जीवन बिमा एक दशमलव ०६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०१, लघुवित्त शून्य दशमलव ८८, म्युचुअल फन्ड शून्य दशमलव ०४, निर्जीवन बीमा शून्य दशमलव ७२ र अन्य समूह एक दशमलव ५२ प्रतिशतले घटेको छ ।

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै आठ दशमलव १९ प्रतिशतको वृद्धि देखिएको छ । ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव ९१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ५८ करोड ६६ लाख आठ हजार तीन सय ४८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको ११ लाख ९३ हजार नौ सय ३७ कित्ता शेयर किनबेच भएको छ ।


Naubahini Rural Municipality

Office the Rural Municipal Executive

Lung Bahane, Pyuthan

Lumbini province,Nepal

Invitation For Bids

Date of First Publication date 2081/12/03 (16th March 2025)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 23-NRM-SQ/ W/2081 /82 | "Durga Ma v Toilet Construction | 1484117.94 | 1000.00 | 40000.00 | 45 Days |
| 24-NRM-SQ/ W/2081 /82 | "Deurali Mata Devi koMandirNirman" | 1005000.70 | 1000.00 | 25000.00 | 45 Days |

2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp.andBidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# अध्ययन कृषि प्रविधि, इलम स्ट्रबेरीखेती

दाङ । पढाइ कृषि प्राविधिक । व्यवसाय स्ट्रबेरीखेती (भुइँऐसेलु) । पढाइ र काम मिलेपछि कैलालीका किसान दशरथ साउदको घोराहीमा रहेको स्ट्रबेरीखेती फस्टाएको छ । घोराही उपमहानगरपालिका–१५ भरतपुरमा रहेको उनको स्ट्रबेरीखेतीमा कपिलवस्तुका भाष्कर पङ्नीले साथ दिएका छन् ।

स्ट्रबेरीखेतीमा प्राविधिक पक्ष साउद आफैँले हेर्दछन् । तीन वर्षअघि स्ट्रबेरीखेतीमा होमिएका २६ वर्षे उनले गत वर्ष मात्रै रु १८ लाख बराबरको स्ट्रबेरीको कारोबार भएको बताए । "गत वर्ष रु ११ लाख त बचत नै भयो", उनले भने–"अहिले दैनिक ७० किलोभन्दा बढी बिक्री भइरहेको छ ।" उनका अनुसार यस वर्ष हालसम्म रु चार लाखभन्दा बढी स्ट्रबेरी बिक्री भइसकेको छ ।

साउदले १५ कट्ठा जग्गा भाडामा लिएर स्ट्रबेरीखेती गरेका छन् । उनले स्ट्रबेरी प्रतिकिलो खुद्रामा रु सात सय र थोकमा रु पाँच सयमा बिक्री भइरहेको बताए ।

उनले स्ट्रबेरी दाङसहित बुटवल, नेपालगञ्ज र धनगढीलगायत ठाउँमा पठाउने गरेको सुनाए ।

किसान साउदले भने–"कृषि प्रविधिसँग सम्बन्धित विषय अध्ययन गरेपछि यसैमा केही गरौँ भन्ने सोचले कृषि फार्म स्थापना गरी स्ट्रबेरीखेती सुरु गरेको हुँ, अहिले यसैबाट राम्रो आम्दानी भइरहेको छ ।"

परम्परागत कृषिमा प्रविधिको प्रयोगले सफलता मिलेको उनले बताए । घोराहीमा मात्रै होइन, साउदले कपिलवस्तुमा १२ कट्ठामा र कैलालीमा १० कट्ठामा पनि व्यावसायिक रुपमा स्ट्रबेरीखेती गर्दै आएका छन् ।

स्ट्रबेरी फल स्वादिलोसँगै पौष्टिक गुणले पनि राम्रो फल मानिने र बिक्रीका लागि समस्या नहुने साउदको बुझाइ छ

---

**पहिलोपटक...**

तोकिएभन्दा बढी मुनाफा लिएर बिक्री वितरण गर्न पाइँदैन । मूल्यसूची अनिवार्य राख्नुपर्छ । तोकिएको मापदण्ड अनिवार्य पालना गर्नुपर्छ । यसै ऐनमा उपभोक्ता अदालत सम्बन्धी व्यवस्था समेत छ । ऐन अनुसार अदालतको अधिकार क्षेत्र प्रयोग सबै सदस्यले सामूहिक गर्न सक्ने छन् ।

तर, कम्तीमा एक सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेक बाहेक अन्य कार्यविधिगत कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले थुनछेकलगायत अन्य जुनसुकै कारबाही गर्न सक्ने गरी तोकिएको छ । मुद्दामा तीन सदस्यकै फरक राय आयो भने अध्यक्षको राय बमोजिम र मुद्दाको निर्णय वा अन्तिम आदेश वा निर्णय नभएको विवरण सहित सम्बन्धित उच्च अदालतमा पठाउनुपर्ने छ ।

यस अदालतको निर्णयमा चित्त नबुझे ३० दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिने प्रावधान समेत छ । यस ऐन अनुसार आफूलाई हानि नोक्सानी पुगेको मितिले ६ महिनाभित्र उजुरी गर्न सकिने प्रावधान छ ।

उपभोक्ताको मृत्यु भइसकेको अवस्थामा हकवालाले समेत उजुरी दिन सक्छन् । अहिले उद्योग विभाग परिसरमा उपभोक्ता अदालत राखिएको छ । काठमाडौंमा मात्र नभई सातै प्रदेशमा उपभोक्ता अदालत गठन हुनुपर्ने उपभोक्ता अधिकारकर्मी तेजकुमार पाठक बताउँछन् । अदालतले समेत सातै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न आदेश दिइसकेकाले अब अन्य प्रदेशहरुमा पनि कार्यान्वयन हुनुपर्ने पाठकको माग छ ।

---


## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (बर्दघाट–सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१२/०४

यस कार्यालयबाट मिति २०८१/१०/२८ गते आवहान भएकोठेक्कामातपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७कोप्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि. न. | बोलपत्र न. | खोला खण्डको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | 25/BTRM/NBC /Rev/2081-082 | Section from BinayiKhola Highway Bridge Down to Ittabatta | Dumkibas Screening Pvt.Ltd., Binayi Tribeni Rural Municipality Ward No. 2 | 10888888.00 |
| 2 | 26/BTRM/NBC /Rev/2081-082 | Section from CG Cement to Chokhaghat | SuntadiBaluwaPrasodhan Kendra Private limited, Binayi Tribeni Rural Municipality Ward no 2, Nawalparasi | 8050000.00 |
| 3 | 27/BTRM/NBC /Rev/2081-082 | Zone 1 from Chokhaghat to Siloutepool | Mahavir Aggregate Industries PVT LTD, Binayi Tribeni, Ward no 4, Nawalparasi | 13277777.00 |
| 4 | 28/BTRM/NBC /Rev/2081-082 | Zone 2 from Chokhaghat to Siloutepool | Mahavir Aggregate Industries PVT LTD, BinayiTribeni , Ward no 4, Nawalparasi | 14311111.00 |
| 5 | 29/BTRM/NBC /Rev/2081-082 | Section 1 from Siloutepool to Pakhapani | TRINITY CONSTRUCTION AND SUPPLY PVT.LTD, BINAY TRIVENI GA PA 4 NAWALPARASI | 4600909.00 |
| 6 | 34/BTRM/NBC /Rev/2081-082 | Section from Khumbari to Chidia | Chur Construction And Dhakal Suppliers, Sarawal-01 Nawelparasi West | 6551106.00 |
| 7 | 35/BTRM/NBC /Rev/2081-082 | Bagar area of Gangte river | Bikash NirmanSewa, Bardhaghat-14 | 8311111.11 |
| 8 | 36/BTRM/NBC /Rev/2081-082 | SunhiKhola section | Mahavir Aggregate Industries PVT LTD, Binayi Tribeni, Ward no 4, Nawalparasi | 6577777.00 |
| 9 | 38/BTRM/NBC /Rev/2081-082 | Jamire Khola section | ManoharConstruction, Bhatwalia | 2830000.00 |
| 10 | 41/BTRM/NBC /Rev/2081-082 | Fusre river | Prarthana Supliers, binayitribnei rural Municipality ward no 2, Nawalparasi | 2028888.00 |

प्रमुख प्रशासकीय अधिकृत



## शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति :२०८१/१२/०४

यस शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको खरिद कार्यको लागि निर्धारित मिति भित्र विद्धुतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को १ बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि तथा सोहि ऐन को दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कबोल रकम (भ्याट सहित) रु |
|---|---|---|---|---|
| 1 | SM/Y/081/ 082/39 | Yog bhawan nirman | Bagh Bhairav Builders and Suppliers Pvt. Ltd. Kathmandu-31 | 2450899.98 |

प्रमुख प्रशासकीय अधिकृत



## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।१०।२६ गते रामग्राम वडा नं. १७ देखि परासी बजार आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : कालिन्दी देवि कलवार
**ठेगाना** : रामग्राम–१७, नवलपरासी
**बिमा लेख न.** : १५००३७३७३
**मोबाइल न.**: ९७०९९९२९९९



## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी,बर्दघाट सुस्तापुर्व
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१२/०४

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| 1 | 10/BTRM/ NCB/Works/ 2081-082 | Bhorla bhanjyang barhabise chidiya sadak Binayi Tribeni Gaupalikawada No 5 | MAHABAI JAGANNATH BUILDERS PVT.LTD Madhyabindu Nawalparasi East Nepal | NPR 6608623.73 |
| 2 | 23/BTRM/ NCB/Works/ 2081-082 | Binayi khola tatbandh Jogikuti khanda | Shuva RK Construction and Consultant PVT.Ltd Binayi tribeni 4 Nawalparasi East Nepal | NPR3049274.71 |
| 3 | 22/BTRM/ NCB/Works/ 2081-082 | Gumba Ghumti Siseni Bato Istarunnati, Buddha chowk dekhi khahare samma bato Istarunnati, Chandramarga Bijaya marga bato istarunnati | A.D.T.H. Construction and suppliersPvt.Ltd Binayi tribeni Nawalparasi East Nepal | NPR7142452.85 |
| 4 | 21/BTRM/ NCB/Works/ 2081-082 | Ward no.6 ko bibhinna bato istarunnati | Narsahi Brothers Construction and suppliers Susta Municipality ward no.4 Nawalparasi West | NPR6191584.71 |
| 5 | 20/BTRM/ NCB/Works/ 2081-082 | Office Hall Management ward no.3 | Shuva RK Construction and Consultant PVT.Ltd Binayi tribeni 4 Nawalparasi East Nepal | NPR1639769.55 |

प्रमुख प्रशासकीय अधिकृत



## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८१/१२/०४)**

यस नगरपालिकाबाट मिति २०८१/११/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा तपशिल कार्यको लागि प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र मध्ये तल उल्लिखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यालय कार्य विवरण | छनौट भएको दरभाउपत्र | दाताको नाम, ठेगाना | कबोल रकम कर सहित (रु.) |
|---|---|---|---|---|
| १ | कावासोती नगरपालिकाको कार्यालय | कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद | एस.एम ट्रेडर्स एण्ड सप्लायर्स काठमाडौ | १४,७१,३९८/९९ |

**प्रमुख प्रशासकीय अधिकृत**



## लायन डिष्ट्रिलरी प्रा. लि.
सुनवल न.पा. २, नवलपरासी

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यभित्र बिक्री वितरण गर्न आ.ब. ०८१/०८२ को लागि मिति २०८१/१२ /०४ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यू.पि. शक्ति | एम. एल | डिलर मूल्य मू.अ.क. समेत प्रति कार्टून | डिलर कमिशन मू.अ.क. समेत प्रति कार्टून | होलसेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | होलसेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | रिटेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | रिटेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति कार्टून | बोत्तल |
| किसमिस सौफ, जलवा, गोल्डेन कोलालि सोफी, लायन्स किसमिस, LION'S किसमिस सौंफ | ७० | ३०० | १०५०.९० | १६.९५ | १०६७.८५ | १६.९५ | १०८४.८० | २३५.२० | १३२०.०० | ४४.०० |
| ८००० हिमचूली | ७० | ३०० | १२०३.४५ | २८.२५ | १२३१.७० | २८.२५ | १२५९.९५ | ५४०.०५ | १८००.०० | ६०.०० |
| LION'S BOBBY ,जेट , Black Tiger, Wild Tiger | ७० | ३०० | १२७६.९० | ३३.९० | १३१०.८० | ३३.९० | १३४४.७० | ६०५.३० | १९५०.०० | ६५.०० |
| LION'S LOVE , JALPARI EXTRA DRY | ७० | ३०० | ११७५.२० | २८.२५ | १२०३.४५ | २८.२५ | १२३१.७० | ४१८.३० | १६५०.०० | ५५.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।

# टाटाका तीन मोडलका विद्युतीय कार बुटवलमा लञ्च




बुटवल । टाटा मोटर्स कम्पनीकातीन नयाँ मोडलका विद्युतीय कार बुटवलमा लञ्च गरिएको छ । टाटा कारको नेपालका लागि आधिकारिक बिक्रेता सिप्रदी र यस क्षेत्रको डिलर सफल अटो इञ्टरनेश्नल प्रालिले आइतबार कालिकानगरस्थित शोरुममा कर्भ ईभिसहित टियागो ईभी र नेक्सन के थ्रि ईभी कार लञ्च गरेको हो ।

एक समारोहका बिच बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका महासचिव मुक्तिप्रसाद अधिकारी र कम्पनीका उच्च तहका कर्मचारीहरुले नयाँ मोडलका कारहरु लञ्च गरेका हुन् । महासचिव अधिकारीले टाटा कम्पनी विश्व बजारमा पुरानो र नाम चलेको सवारी साधन उत्पादक कम्पनी भएकाले समयअनुसार उपभोक्ताको माग र चाहनालाई मध्येनजर गरि विद्युतीय कार नेपाली बजार बिक्री वितरण गरेको बताए । कार्यक्रममा सिप्रदीका जीएम सावन्तजंग सिजापतिले रुपन्देही टाटाको सवारी साधन खपतमा पहिलो नम्बरमा रहेको र कम्पनीले विशेष प्राथमिकतामा राख्दै आएको बताए ।

सवारी बिक्रीपछिको सेवालाई मध्यनजर गरी आधुनिक सुविधासम्पन्न वर्कसप सञ्चालनमा ल्याउने तयारीमा रहेको उनले जानकारी दिए । बुटवल शोरुममा आइतबार र सोमबार दुई दिनसम्म कार बुकिङ गर्ने उपभोक्तालाई एक वर्षलाई ईन्सुरेन्स शुल्क ब्यहोर्ने र चार्जिङ आजीवन निःशुल्क हुने उनले घोषणा गरे ।

कार्यक्रममा नेपालका लागि टाटाका कन्ट्रि म्यानेजर प्रसन्न रंगनाथनले अटो मोबाइल क्षेत्रमा टाटाको उत्पादन नेपाली बजारमा लोकप्रिय र रोजाईको साधन बनेको बताए । ग्राहकबाट प्राप्त हुने प्रतिक्रिया आफूहरुलाई सबैभन्दा धेरै उपयोगी हुने भन्दै यसको आधारमा नयांमोडेलका कार बजारमा ल्याउँदै गरेको उनले बताए ।

कार्यक्रममा सिप्रदी सेल्स चिफ म्यानेजर निर्मल खत्रीले तीन वटै नयाँ कारका विशेषताहरु प्रकाश पारे । कर्भ ईभी बजारमा सर्वाधिक रुचाइएको कार भएको उनले दाबी गरे । एडभान्स डिजाइनमा रहेको लक्जरियस र प्रिमियम वुफे डिजाइनमा यो पहिलो भएको उनले बताए । १८ इन्चको टायर, १३ इन्चको टच स्क्रिन, जेभिएलको ९ स्पिकर जडान, लगेज पर्याप्त राख्न मिल्ने प्रविधियुक्त रहेको छ । २१ वटा ईन्टेलिजेन्स फिचर, ६ वटा एयर ब्याग, ७० वाटको ब्याट्री चार्ज, पाँच वटा कलर अप्सन रहेको छ । तीन वटा कारको बजार मूल्य २६ लाखदेखि ५७ लाख रुपैयाँसम्मको रहेको छ ।

यसैगरी अघिल्लो वर्ष लञ्च भएको टियागोको नयाँ स्वरुप, फिचरमा नयाँ मोडेल बजारमा ल्याएको उनले बताए ।

उपभोक्ताको फिडब्याकको आधारमा नयाँ स्वरुपमा ल्याएको उनले जनाए । २०१८ मा पेट्रोल भर्सनमा बजारमा आएको नेक्सन २०२१ मा नेक्सन ईभी गर्दै बजारको मागअनुसार अहिले नयाँ नेक्सन के थ्रि गेम चेन्जरका रुपमा बजारमा ल्याएको उनले दाबी गरे । टाटाको नयाँ डिजिटल डिजाइनका रुप, ग्राउण्ड क्लियरेन्स, सुरक्षा सिस्टम, नयाँ टेक्नोलोजीसहितको साउण्ड सिस्टम, म्याप, सुचना दिने डिस्प्ले,६ वटा कलर अप्सनलगायत रहेको उनले जानकारी दिए ।

कार्यक्रममा सफल अटोका सञ्चालक दिनेश शर्माले सिप्रदीसँगको सहकार्यमा यस क्षेत्रमा चारपांग्रेका सबै खाले सवारी साधन बिक्री र सेवालाई थप व्यवस्थित ढंगले सञ्चालन गरेको र ग्राहकबाट राम्रो रेस्पोन्स पाएको बताए ।

कार्यक्रममा सिप्रदी सिनियर म्यानेजर डिलर सेल्स मेघराज ढुंगेल, सफल अटोका अध्यक्ष भावध्वज ढुंगाना, शोरुम म्यानेजर सन्दिप पोखरेलले आ-आफ्ना भनाइ राखेका थिए ।

पीएम कप क्रिकेटः

# एपीएफ, लुम्बिनी र कोशीको जित



भैरहवा । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटमा आइतबार भएका तीन खेलमा नेपाल एपीएफ क्लब, लुम्बिनी प्रदेश र कोशी प्रदेशले जित निकालेका छन् ।

भैरहवाको सिद्धार्थ रंगशालामा भएको खेलमा एपीएफले कर्णालीलाई ५ विकेटले पराजित गर्दै जित हात पार्यो । १ सय ९० रनको लक्ष्य एपीएफले ३९ ओभर २ बलमा ५ विकेट गुमाएर १ सय ९३ रन बनाउँदै पूरा गर्यो । एपीएफको जितमा दीपक बोहराले नटआउट सर्वाधिक ७० रन जोडे ।

यस्तै, सुमित महर्जनले नट आउट ३४, ओपनर आसिफ शेखले २५ तथा लोकेश बम र रोहित पौडेलले समान २२-२२ रन बनाए । कर्णालीका दिवान पुन र दीपेन्द्र रावतले समान २-२ तथा प्रकाश जैसीले १ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको कर्णाली ४७ ओभरमा सबै विकेट गुमाएर १ सय ८९ रन बनाएको थियो ।

उसका लागि सुनिल धमलाले ४७, दिनेश अधिकारीले ३३, दीपेन्द्र रावतले ३० र प्रकाश जैसीले २० रन बनाए । एपीएफका अभिषेश गौतमले ४, कमलसिंह ऐरीले २ तथा किशोर महतो, दीपक बोहरा, रोहित पौडेल र भुवन कार्कीले समान १-१ विकेट लिए ।

यस्तै, दाङको लमहीस्थित देउखुरी क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी प्रदेशले बागमती प्रदेशमाथि ४८ रनको जित हात पारेको हो । टस जितेर ब्याटिङ गरेको लुम्बिनीले ३२ ओभर ४ बलमा सबै विकेट गुमाएर १ सय १५ रन बनायो । लुम्बिनीका लागि आकाश त्रिपाटीले सर्वाधिक ३३, कप्तान देव खनाल र मनिष थापाले समान १५-१५ रन बनाए । बागमतीका गौतम केसीले ४, सूर्य तामाङ र इशान पाण्डेले समान २-२ तथा सोनु देवकोटा र रिजन ढकालले १-१ विकेट लिए । १ सय १६ रनको लक्ष्य पछ्याएको बागमती २२ ओभर ५ बलमा ६७ रन जोड्दा अलआउट भयो । उसका लागि कप्तान पृथु बाँस्कोटाले सर्वाधिक १५, आशुतोष घिरैया र सुमन सुनारले समान ११-११ रन जोडेर पेभेलियन फर्किए । बागमतीका अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । लुम्बिनीका अजय चौहान र विप्रशन केसीले समान ३-३ तथा रमेश कुर्मी र निर्मल गुरुङले २-२ विकेट लिए ।

यस्तै, आइतबार नै रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा कोशी प्रदेशसँग गण्डकी प्रदेशले लज्जास्पद हार भोगेको हो । प्रतियोगितामा कोशीले भने पहिलो जित हात पारेको छ ।

आफ्नो पहिलो जित निकाल्ने क्रममा कोशीले गण्डकीलाई ९ विकेटले पराजित गर्यो । गण्डकीले दिएको ३२ रनको झिनो लक्ष्य कोशीले ८ ओभर २ बलमा १ विकेट गुमाएर सहजै पूरा गर्यो । कोशीका सकिब हकले नटआउट रहँदै सर्वाधिक १६ र चिराग साहले १० रन बनाए । गण्डकीका सुवास भण्डारीले १ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको गण्डकी २० ओभर ४ बलमा ३१ रन बनाउँदा अलआउट भयो । यो पीएम कपको इतिहासकै कम रन बन्ने पहिलो इनिङ बन्यो ।

कोशीविरुद्ध गण्डकीका कुनै ब्याटरले पनि दोहोरो अंकमा रन जोड्न सकेनन् । गण्डकीका अर्जुन कुमालले बनाएको ९ रन नै सर्वाधिक बन्यो । गण्डकीका ४ ब्याटरले रनको खाता खोल्न नै सकेनन् । कोशीका विपिन महतोले ८ ओभर बलिङ गर्दै १७ रन खर्चिएर ६ विकेट लिए । फिर्दोस अन्सारीले ३ तथा दीपेश कंडेलले १ विकेट लिए । एपीएफ खेलेका ४ खेलमध्ये ३ मा जितकासाथ तेस्रो स्थानमा उक्लिएको छ । कर्णाली ५ खेलमा चौथो हारका साथ २ अंकमा छ । ४ खेलमा तेस्रो जित हासिल गरेको लुम्बिनी चौथो स्थानमा छ । चौथो खेलमा तेस्रो हार बेहोरेको बागमती नवौं स्थानमा छ । यस्तै, एक-एक खेल जितेका कोशी र गण्डकीको २-२ अंक छ ।

# देवदहमा ४४८ मध्ये १६३ योजना सम्पन्न



देवदह । देवदह नगरपालिकामा फागुन मसान्तसम्म २५ प्रतिशत भौतिक र ११ प्रतिशत आर्थिक प्रगति भएको छ । देवदह नगरपालिकाले नियमित पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा प्रगति विवरण पेश गर्दे योजना शाखा प्रमुख रमेश गिरीले नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लागि ४४८ वटा योजना विनियोजन गरेको जानकारी दिँदै १६३ योजना सम्पन्न भई भुक्तानी समेत गरिसकेको जानकारी दिए । गिरीका अनुसार १६९ वटा योजना कार्यान्वयनको चरणमा रहेको र ११९ वटा योजना सम्झौता हुन नसकेको जानकारी दिए ।

कार्यक्रममा आर्थिक विकास शाखाका निरज पौडेलले नगरपालिकाले यस आर्थिक वर्षमा २५ करोड ४६ लाख आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य लिए पनि फागुन मसान्तसम्म ४ करोड ५४ लाख मात्र राजस्व संकलन भएको बताए ।

पौडेलका अनुसार देवदह नगरपालिकाका ४९ करोड रकम प्राप्त भएको र ३५ करोड खर्च भईसकेको जानकारी दिए । चालु खर्चतर्फ २७ करोड ७२ लाख ६२ हजार ९ सय ६२ र पुँजीगततर्फ ७ करोड ३१ लाख ९४ हजार १५५ रुपैयाँ खर्च भएको उनले जनाए । पौडेलले देवदह नगरपालिकाको २०७३ सालदेखि अहिलेसम्म २० करोड ५४ लाख ३३ हजार बेरुजु रहेको जानकारी दिए ।

यसैगरी शिक्षातर्फ ५७ प्रतिशत, स्वास्थ्यतर्फ ३८ प्रतिशत, कृषितर्फ १९ प्रतिशत, पशुपंक्षी विकासतर्फ २१ प्रतिशत, भूमितर्फ १४ प्रतिशत, लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ २९ प्रतिशत खर्चको उनले बताए । त्यसैगरी क्षेत्रगततर्फ आर्थिक विकासतर्फ १५ प्रतिशत, सामाजिक विकासतर्फ ५१ प्रतिशत, पूर्वाधार विकासतर्फ १० प्रतिशत, सुशासनतर्फ १२ प्रतिशत, कार्यालय सञ्चालनतर्फ ४६ प्रतिशत गरी अहिलेसम्म २७ प्रतिशत खर्च भएको जानकारी उनले दिए ।

सोही अवसरमा बोल्दै भौतिक पूर्वाधार शाखा प्रमुख राजकुमार यादवले एशियाली विकास बैंकको साझेदारीमा देवदहमा १७ किलोमिटर स्तरीय दुई लेनको बाटो निर्माणको चरणमा रहेको जानकारी दिए । सो अवसरमा बोल्दै कार्यवहाक नगर प्रमुख विद्यालक्ष्मी गुरुङ्गले छिटो छरितो नागरिकलाई सेवा प्रवाह गरेको बताउँदै नागरिकको सुझावलाई कार्यान्वयन गरेर अगाडि बढ्ने बताइन् ।

उनले नगरपालिकाले प्रदान गरेको सेवा प्रवाह तथा पालिकाले गरेको विकास निर्माणको बारेमा नियमित पत्रकार सम्मेलन गरेर जानकारी दिने जनाइन् ।

कार्यवहाक नगर प्रमुख विद्यालक्ष्मी गुरुङ्गको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाको स्वागत र नगर प्रवक्ता गणेश डुम्रेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# नेकपा एस रूपन्देहीमा प्रतिनिधि छनौट



बुटवल । जिल्ला अधिवेशनका लागि नेकपा एकिकृत समाजवादी रुपन्देहीका सबै निर्वाचन क्षेत्रमा सर्वसम्मत प्रतिनिधि छनौट भएको छ । पार्टी विधानअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई आधार बनाएर शनिबार र आइतबार गरी सर्वसम्मत प्रतिनिधि छनौट गरिएको हो ।

आउँदो चैत ८ र ९ गते हुने निर्वाचनका लागि रुपन्देहीका प्रतिनिधिसभाका ५ वटा निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन गरिएको हो ।

यसपटक प्रतिनिधि नभएकाहरु जिल्लाको अधिवेशनमा सहभागी हुन नपाउने व्यवस्था समेत गरेको नेकपा एकिकृत समाजवादी रुपन्देहीका इञ्चार्ज तथा पोलिटब्यूरो सदस्य नन्दलाल बन्जाडेले बताए । यसअघि जिल्लाका पदाधिकारी तथा सदस्यहरु स्वतः प्रतिनिधि हुने प्रावधान रहँदै आएकोमा रुपन्देहीमा प्रतिनिधि अनिवार्य हुने व्यवस्था गरिएको हो ।

५ वटै निर्वाचन क्षेत्रमा समावेशिताका आधारमा महिला, दलित, तथा खुल्ला क्षेत्रबाट प्रतिनिधि सर्वसम्मत भएको उपसचिव टंक पोखेलले जानकारी दिए । उनका अनुसार प्रतिनिधि छनौट भएसँगै अब अधिवेशनको अन्य तयारीका कामहरु सुरु भएको छ । शनिबार ४ वटा निर्वाचन क्षेत्र र आइतबार ५ नम्बरको गरी ५ वटै निर्वाचन क्षेत्रबाट प्रतिनिधि छनौट भइ जिल्लामा प्रतिनिधिहरुको नाम आएको अर्का उप-सचिव मीरा श्रीसले बताईन ।

बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं ।
-उमेर पुगने बित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं ।
-विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं ।
-घरपरिवारमा सिकाइको वातावरण तयार गरौं ।
-बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं ।
-बालबालिकाको रुचि बमोजिम खेल्दै पढ्दै ।
-सिक्ने वातावरण निर्माण गरौं ।
-बालबालिकाको फरक क्षमता अनुसार सिकाइको अवसर प्रदान गरौं ।
बालबालिकालाई पढाइका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com